

# सुरक्षाकर्मीहरूका लागि कोभिड–१९ बाट सुरक्षित रहन आवश्यक जानकारी



## सचेत र सुरक्षित रहनुहोस्

- कोभिड–१९ भाइरस श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा नाक वा मुखबाट निस्कने छिटाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।
- कोभिड–१९ भाइरस कुनै संक्रमित भएको ठाउँ वा वस्तुलाई छोइएको हातले यदि नाक, मुख र आँखा छोयो भने पनि सर्दछ ।
- यो भाइरसबाट संक्रमण भएपछि प्राय व्यक्तिहरुलाई ज्वरो आउने, बढी थकाई लाग्ने, सुख्खा खोकि लाग्ने, सास छिटो–छिटो फेर्ने वा सास फेर्न गाह्रो हुने जस्ता लक्षणहरू देखिन सक्छन् ।
- केही व्यक्तिहरूमा थप लक्षणको रूपमा जिउ बेस्सरी दुख्ने, नाक बन्द हुने, सिँगान चुहिराख्ने, घाँटी दुख्ने र पखाला पनि लाग्ने पनि हुन सक्छ ।
- सबै संक्रमित व्यक्तिहरूमा माथि उल्लेखित लक्षणहरु नदेखिन पनि सक्छन् त्यसकारण यो कुरामा होशियार हुनु पर्दछ ।
- प्रायः धेरै जसो संक्रमित, बिना कुनै उपचार नै निको हुने देखिएको छ, तर वृद्ध–वृद्धा तथा अन्य रोगबाट पहिले नै ग्रस्त भएका व्यक्तिहरुमा यो संक्रमणले गम्भीर असर पुऱ्याउन सक्दछ ।

## काम गर्ने ठाउँमा वा डिउटी गर्दा सुरक्षित तरिकाहरू अपनाउनुहोस्

- आफ्नो काम गर्ने ठाउँमा सेवाग्राही वा सहकर्मीसँग कम्तीमा पनि २ मिटरको सामाजिक दुरी कायम गर्नुहोस् ।
- कसैसँग सम्पर्कमा आएपछि वा सेवाग्राहीका कुनै चिज–वस्तुहरु छोएपछि साबुन पानीले मिची–मिची कम्तीमा २० सेकन्डसम्म हात धुनुहोस् । यदि साबुन–पानी छैन भने हातमा सेनिटाइजर लगाउनुहोस् ।
- राम्रो सँग साबुन–पानीले हात नधोइकन आँखा, नाक–मुख नछुनुहोस् ।
- काम गर्ने ठाउँमा सेवाग्राहीसँग रहँदा व्यक्तिगत सुरक्षाका सामाग्रीहरु (जस्तैः मास्क, अनुहार ढाक्ने सिल्ड, चश्मा, पन्जा) को प्रयोग अनिवार्य रुपमा गर्नुहोस् ।
- सेवाग्राहीले छोइरहने ठाउँमा नियमित किटाणु मार्ने झोलले सफा गरी राख्नुहोस् साथै सेवाग्राहीले दिएका कागजपत्र, अन्य वस्तु वा सरसामान समाउदा होसियारी अपनाउनुहोस्, साथै सकिन्छ भने पन्जाको प्रयोग गर्नुहोस्।






## कुनै आपतकालिन अवस्थामा सहायता दिनुपरेमा:

- आवश्यकपर्ने व्यक्तिगत सुरक्षा सामग्रीहरूको अनिवार्य प्रयोग गर्नुहोस् र पर्याप्त सावधानी अपनाउनुहोस् ।
- स्वास्थ्यकर्मीलाई आवश्यक जानकारी दिएर कन्ट्याक्ट ट्रेसिङ्गमा सहयोग गर्नुहोस् ।
- तालिम प्राप्त सुरक्षाकर्मीले उपयुक्त व्यक्तिगत सुरक्षा सामग्री (PPE) लगाएर मात्रै बिरामीलाई स्वास्थ्य संस्था पुऱ्याउन सहयोग गर्नुहोस् ।
- भ्रमको पछाडि नलाग्नुहोस् र आवश्यक जानकारी लिन नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदान गरेको जानकारी लिनुहोस् ।

## कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गर्नुपरेमा:

- मृत्यु भएका मृतकको लास व्यवस्थापन गर्दा, तालिम प्राप्त सुरक्षाकर्मीले उपयुक्त व्यक्तिगत सुरक्षा सामाग्री (PPE) लगाएर मात्रै व्यवस्थापन कार्य गर्नुहोस् । साथै, उक्त मृतकको परिवारले अपनाएको धर्म र सामाजिक परम्पराको पनि ख्याल गर्नुहोस् ।
- बिरामीलाई स्वास्थ्य संस्थामा पुऱ्याएको वा लास व्यवस्थापनमा प्रयोग भएका सवारी साधनलाई राम्रोसँग भाइरस मार्ने (Disinfectant) झोलपदार्थले निसंक्रमण गर्नुहोस् ।

## आफ्नो डिउटी सकिएर घर पुग्दा, अन्य घरका सदस्यहरुलाई सम्भावित संक्रमणको जोखिमबाट रोक्न सावधानी अपनाउनुहोस्

- घर पुगे पछि प्रयोग गरेका बेल्ट, जुत्ता, लुगा तथा अन्य सामानहरु अलग्गै फुकाल्ने र सफा गर्नुहोस् ।
- सकेसम्म राम्रोसँग सम्पूर्ण जीउ साबुन-पानीले नुहाउने र सफा कपडा फेरेरमात्र घरका व्यक्तिहरूको नजिकै जानुहोस् ।
- आफूले प्रयोग गरेको सवारी-साधन पनि राम्ररी किटाणु मार्ने झोलले निसंक्रमण गर्नुहोस् ।